# गोदावरी नगरपालिका

Godawari, Municipality

नगर कार्यपालिकाको कार्यालय

बज्रवाराही, ललितपुर

३ नं. प्रदेश, नेपाल

प. सं. ०७४/७५

च.नं.:

मिति : २०७५/०३/२८

विषय : **भ्रामक समाचार खण्डन गरिएको ।**

उपरोक्त सम्बन्धमा गोदावरी नगरपालिकाको 'ढुंगा-गिट्टी ठेक्कामा लाखौं अनियमिताता' भन्ने शीर्षकमा मिति २०७५ आषाढ २८ गने बिहिरवारको कान्तिपुर दैनिक पत्रिकामा प्रकाशित पत्रकार प्रशान्त मालीद्वारा लिखित समाचारमा उल्लेखित विवरणहरु स्पष्ट नभई गलत एवं भ्रामक अर्थ लाग्ने गरी निराधार समाचार सम्प्रेषण गरिएकोमा यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । उक्त समाचारमा गलत तथ्य समेत उल्लेख गरिएकोमा खण्डन गर्दै आर्थिक वर्ष २०७३/०७४ तत्कालिन जिल्ला विकास समितिले रोडा, ढुङ्गा, गिट्टी, ग्रावेल, बालुवा, माटो आदिमा निकासी कर ६ करोड २५ लाख रुपैया ठेक्का लगाएको र आर्थिक वर्ष २०७४/०७५ मा सोही ठेक्का जिल्ला समन्वय समिति मार्फत् ठेक्का अङ्क ४ करोड ६५ लाखमा सार्वजनिक ठेक्का बोलपत्र सूचना आह्वान गरेकोमा ४ करोड ६५ लाख ३० हजारमा ठेक्का लागेको विषयलाई आधार मानी आगामी आर्थिक वर्ष २०७५/०७६ का लागि यस नगरपालिकाले विगतको वर्षलाई विश्लेषण गरी निकासी करमा थप १०% बृद्धि गरी नगरस्तरीय राजश्व परामर्श समितिको मिति २०७५ जेठ १० गतेको निर्णयानुसार न्यूनतम ठेक्का अङ्क ५ करोड १० लाख (भ्याट बाहेक) कायम गरी प्रक्रिया अगाडि बढाउने र नगरकार्यपालिका बोर्डबाट निर्णय गराई जेठ २२ गते सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरेकोमा ४२ वटा टेण्डर फाराम बिक्री भई ३ वटा यस कार्यालयमा Hardcopy दर्ता भएको र २ वटा Online E-biding मार्फत् गरी जम्मा ५ वटा टेण्डर फर्म प्रतिस्पर्धात्मक रुपमा आवेदन परेकोमा सबैभन्दा बढी रकम बोल कबोल गर्ने श्री सप्तपथ निर्माण कम्पनी प्रा.लि. सातदोबाटो, ललितपुरले ५ करोड ३५ लाख (भ्याट बाहेक) मिति २०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्मको लागि नगर निकासी करको ठेक्का सम्झौता प्रक्रियामा रहेको व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि अनुरोध छ ।

(मिलन सिलवाल)

**प्रवक्ता**